विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि-२०८०
बारबर्दिया नगरपालिका

कार्यपालिका निर्णय मितिः २०८०/०१/३१
प्रमाणिकरण मितिः२०८०/०२/०५
प्रथम संशोधन मितिः२०८०/०८/०५

प्रस्तावनाः

विद्यालय शिक्षा क्षेत्र योजनाको अवधारणा बमोजिम बारबर्दिया नगरपालिका क्षेत्रभित्र प्रारम्भिक बालशिक्षा कक्षा देखि बाह्रसम्मको विद्यालय शिक्षालाई गुणस्तरीय र समयानुकूल बनाउन दुई वा दुईभन्दा बढी आधारभुत तथा माध्यमिक विद्यालयहरुलाई एउटा विद्यालयमा गाभी विद्यालय समायोजन गर्न,विद्यार्थी संख्या तथा भौगोलिक दुरी बमोजिम विद्यालयको तह तथा कक्षा घटाउन र विद्यार्थी संख्याको अनुपातमा शिक्षक व्यवस्थापन गर्न दरबन्दी मिलान र एकै विद्यालयमा दश वर्ष वा सो भन्दा बढी कार्यरत रहेका शिक्षकहरुलाई सरुवा तथा पदस्थापना सम्बन्धी कार्यलाई व्यवस्थित रुपमा अगाडि बढाउनका लागि बारबर्दिया नगरपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजना २०७८,स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११को (ज) र बारबर्दिया नगरपालिका विद्यालय शिक्षा संचालन,व्यबस्थापन र नियमन गर्न बनेको शिक्षा कार्यविधि २०७४ ले दिएको अधिकार प्रयोग गरी बारबर्दिया नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१संक्षिप्त नाम र प्रारम्भ

**१.संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम"**विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि,२०८०**"रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

नगर प्रमुख

२.परिभाषाः

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ सम्झनुपर्छ ।

(ख)**"शाखा"** भन्नाले बारबर्दिया नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(ग)**"कार्यविधि"** भन्नाले विद्यालय समायोजन तथा दरबन्दी मिलान सम्बन्धी कार्यविधि,२०८० सम्झनुपर्छ ।

(घ)**"शिक्षा ऐन"** भन्नाले शिक्षा ऐन,२०२८ सम्झनुपर्छ ।

(ङ)**"नगर शिक्षा कार्यविधि"** भन्नाले बारबर्दिया नगरपालिकाको विद्यालय शिक्षा संचालन,व्यबस्थापन र नियमन गर्न वनेको शिक्षा कार्विधि,२०७४ सम्झनुपर्छ ।

**३.कार्यविधिको दायराः**

(क) नगर शिक्षा कार्यविधि,२०७४

(ख) शिक्षा नियमावली-२०५९ (संसोधन सहित)

(ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४

(घ) बुँदा क,ख र ग का दायराभित्र देहायका क्षेत्रमा यो कार्यविधि क्रियाशिल रहनेछ ।

३.१ प्रारम्भिक बालविकाश कक्षा तथा शिक्षक व्यवस्थापन

३.२ कक्षा(१-१२)सम्मको शिक्षक दरबन्दी मिलान,सरुवा तथा पदस्थापन

३.३ विद्यालय समायोजन,कक्षा र तह व्यवस्थापन

**४. प्रारम्भिक बालविकास कक्षा तथा शिक्षक व्यवस्थापनः**

४.१ प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा बालविकास कक्षा रहनेछ ।

४.२ उपनियम(४.१)बमोजिमको व्यवस्था पश्चात विद्यार्थी संख्या र भौगोलिक अवस्थाका आधारमा बालविकास कक्षाको पुनर्वितरण गरिनेछ ।

४.३ बालविकास कक्षाको समायोजन गर्दा शिक्षक विद्यार्थी अनुपात सामान्यतया १:२०को आधार लिइनेछ । तर सो अनुपात भन्दा बढी भएको अवस्थामा २५-४४

नगर प्रमुख

नगर प्रमुख

जना विद्यार्थी भएमा २ जना, ४५-६४ जना भएमा ३ जना, ६५-८४ जना भएमा ४ जना र ८५ देखि माथि जतिसुकै भएमा ५ जना बालविकास शिक्षकको दरबन्दी रहनेछ।

४.४ बालविकास कक्षामा कार्यरत जनशक्तिलाई विद्यार्थी संख्याका आधारमा एक कक्षाबाट अर्कोमा स्थानान्तरण गर्दा सामुदायमा आधारित बालविकास कक्षाका शिक्षकलाई पायक पर्ने विद्यालयमा आवश्यकता,शैक्षिक योग्यता र नियुक्तिको कनिष्ठताका आधारमा उपनियम (४.३) बमोजिम व्यवस्थापन गरिनेछ ।

**५. शिक्षक दरबन्दी मिलान एवम् समायोजनः**

राज्यबाट विद्यालयगत रुपमा वा एकमुष्ट रुपमा उपलब्ध दरबन्दी संख्या र विद्यार्थी संख्याका आधारमा देहाय बमोजिम शिक्षक दरबन्दी मिलान गर्नेः

५.१ शैक्षिक सत्र २०७९ को IEMIS का आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी संख्यालाई आधार मान्ने ।

५.२ विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी र अनुदान(राहत)मा कार्यरत शिक्षकहरु तथा काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्ने ।

**५.३ दरबन्दी मिलान गर्नका लागि खाका तयार गर्न नगर शिक्षा समितिले ५ सदस्यीय सहजीकरण कार्यदल गठन गर्नेछः**

५.४ कार्यदलबाट प्राप्त खाकामा नगर शिक्षा समितिले छलफल गरी उपयुक्त ठानेमा सोही अनुरुप दरबन्दी मिलान गर्नेछ वा आवश्यक थप घट गरी मिलान गर्नेछ ।

**६.विद्यालयगत एवम् तहगत रुपमा आवश्यक शिक्षक व्यवस्था गर्दा लिइने आधारहरुः**

६.१ कक्षागत विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ५० को ४० प्रतिशत अर्थात विद्यार्थी संख्या ७१ जना भएमा थप शिक्षक प्रदान गर्ने ।

(क) आधारभुत तह(कक्षा १-३) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

नगर प्रमुख

१ विद्यालयमा २० जना भन्दा न्युनतम विद्यार्थी संख्या भएमा १ दरबन्दी कायम गर्ने ।

२ विद्यार्थी संख्या २१ देखि ५० जनासम्म भएमा २ सम्म दरबन्दी(स्वीकृत/राहत) कायम गर्ने ।

३ विद्यालयमा ५१ वा सो भन्दा बढी विद्यार्थी भएमा ३ दरबन्दी कायम गर्ने तर १५० जना विद्यार्थी नपुगेसम्म थप दरबन्दी प्रदान नगर्ने । सो भन्दा माथि विद्यार्थी संख्या भएमा शिक्षक विद्यार्थी अनुपातका तथा उपनियम(६.१) आधारमा दरबन्दी थप गर्ने ।

(ख) आधारभुत तह (कक्षा १-५)सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१ विद्यालयमा ३० जना भन्दा न्यून विद्यार्थी भएमा २ सम्म दरबन्दी(स्वीकृत/राहत कोटा)कायम गर्ने ।

२ न्यूनतम विद्यार्थी संख्या ३१ देखि ८० जना सम्म भएमा ३ सम्म दरबन्दी(स्वीकृत/राहत कोटा) कायम गर्ने ।

३ विद्यार्थी संख्या ८१ देखि १२५ जनासम्म भएमा ४ सम्म शिक्षक दरबन्दी(स्वीकृत/राहत कोटा)कायम गर्ने ।

४ विद्यालयमा विद्यार्थी संख्या १२६ जना वा सो भन्दा बढी भएमा ५ शिक्षक दरबन्दी कायम गर्ने तर २५० जना नपुगेसम्म त्यस्ता विद्यालयमा ५ जना भन्दा बढी शिक्षक हुने गरी दरबन्दी थप नगर्न ।सो भन्दा माथि विद्यार्थी संख्या भएमा उपनियम(६.१) आधारमा दरबन्दी थप गर्ने ।

५ शिक्षक दरबन्दी थपघट हुँदा आधारभुत तह(१-५)मा शिक्षा नियमावली अनुसार महिला शिक्षकको दरबन्दीमा महिला शिक्षक नै व्यवस्थापन हुने गरी दरबन्दी मिलान गर्ने ।

(ग) आधारभुत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१ कक्षा(१-८) सञ्चालन भएको विद्यालयको हकमा प्राथमिक तहका न्युनतम ५ वटा दरबन्दी र कक्षा(६-८)को विद्यार्थी संख्या ५० भन्दा कम विद्यार्थी भए ३ जना सो भन्दा बढी विद्यार्थी भए ४ जना (अंग्रेजी-१,गणित/विज्ञान-१,नेपाली-१,सामाजिक-१)र विद्यार्थी संख्या र विषयगतको आधारमा शिक्षक थप गर्नु पर्दा उपनियम(६.१)का आधारमा दरबन्दी थप गर्ने ।

(घ) माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१. कक्षा(१-१०)सञ्चालन भएका विद्यालयमा प्राथमिक तहका न्युनतम ५ वटा दरबन्दी र निम्न माध्यमिक तहका न्युनतम विषयगत ४ वटा दरबन्दी सहित माध्यमिक तहमा ५० जना भन्दा कम विद्यार्थी भएमा ४ शिक्षक दरबन्दी र ५० जनाभन्दा बढी विद्यार्थी भएमा न्युनतम ५जना (अंग्रेजी-१,विज्ञान-१,गणित-१,नेपाली-१,सामाजिक-१गरी ५) ओटा माध्यमिक तहको शिक्षक दरबन्दी(दरबन्दी/राहत)कायम गर्ने ।विद्यार्थी संख्या र विषयगतको आधारमा शिक्षक थप गर्नु पर्दा उपनियम(६.१) आधारमा दरबन्दी थप गर्ने ।

(ङ) माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः

१. माध्यमिक तह कक्षा(११-१२)का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा गर्ने ।

(च) सञ्चालित कक्षा र न्युनतम विद्यार्थी संख्याका आधारमा दरबन्दी कायम गर्दा बचत भएका दरबन्दी आगामी शैक्षिक सत्रमा विद्यार्थी संख्या बढी भएका विद्यालयमा मिलान गर्ने गरी हाल विद्यार्थी संख्या सन्तोषजनक रहेका विद्यालयमा जगेडा दरबन्दी कायम गर्ने ।

(छ) जगेडा दरबन्दी रहेका विद्यालयमा जुनसुकै कारणले पद रिक्त हुन आएमा जगेडा दरबन्दीमा शिक्षक व्यवस्थापन गर्न नदिने ।

(ज) सकेसम्म हाल मौजुदा दरबन्दी भएको विद्यालयबाट कटौतीमा परेको दरबन्दीमा कार्यरत शिक्षकलाई हाल सोही विद्यालयमा जगेडामा राख्ने व्यवस्था मिलाउने ।

(झ) शिक्षा तथा मानवस्रोत विकास केन्द्रको पत्रानुसार यस नगरपालिकाको लागि कायम भएको दरबन्दी अनुसार थप हुनुपर्ने शिक्षक आएमा वा रिक्त दरबन्दी आएमा वा दरबन्दी अनुसार शिक्षक व्यवस्थापन गर्ने निर्देशन सहित रकम प्राप्त भएपछि मात्र विद्यालयमा दरबन्दी मिलान कार्यलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

(ञ) प्राथमिक तहमा दरबन्दी मिलान गर्दा शिक्षक कटौती हुने तर नि मा/माध्यमिक तहमा कायम भएको दरबन्दी उपलब्ध गराउन नसकिने अवस्था रहेमा त्यस्ता विद्यालयबाट प्राथमिक तहका दरबन्दी र दरबन्दीमा कार्यरत शिक्षक मिलान गरी अन्य विद्यालयमा पठाइने छैन । तर माथिल्लो तहमा दरबन्दी थप गर्नु पर्ने नभएमा शिक्षक व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

(ट) यस कार्यविधि अनुसारको न्युनतम शिक्षक दरबन्दी संख्या भन्दा बढी शिक्षक कुनै विद्यालयमा भएमा कनिष्टता विद्यालयको आवश्यकता र स्वयं शिक्षकको इच्छालाई मध्यनजर गरि तहगत वा विषयगत रुपमा शिक्षक व्यवस्थापन हुने गरी दरबन्दी मिलान गरिनेछ ।

**७.दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन सम्बन्धमाः**

७.१ उपर्युक्त बमोजिम दरबन्दी मिलान गर्दा आधारभूत तह कक्षा १-८ को विद्यार्थी संख्या र शिक्षक संख्यालाई आधार मानि गर्ने र बढी हुन आउने शिक्षक अनुदानकोटा(राहत)वा दरबन्दीलाई नगर शिक्षा समितिले पुल दरबन्दीमा राख्दा आधारभूत तह कक्षा १-५ मा कार्यरत स्थायी,करार र नगर शिक्षकलाई राख्ने र विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबै भन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिई शिक्षक कमी भएका विद्यालयहरुमा खटाउने ।

नगर प्रमुख

७.२ शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम राहत कोटामा रहेका कनिष्टतम शिक्षक र विद्यालयमा नियुक्तिको कनिष्टताको आधारमा अस्थायी र त्यसपछि स्थायी शिक्षकको दरबन्दी कटौती गरी पुल दरबन्दी कायम गर्ने ।

७.३ नगरपालिका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने र स्नातकोत्तर उतीर्ण शिक्षकलाई सकेसम्म मा वि (कक्षा ९-१२) सञ्चालित विद्यालयमा पठाउने व्यवस्था गर्ने।

७.४ दरबन्दी मिलान तथा समायोजनको कार्य गर्दा आधारभुत तह (कक्षा१-५) मा अधिक हुन आउने शिक्षक दरबन्दीलाई शैक्षिक योग्यता र विषय अनुसार सोही विद्यालयको आधारभुत तहमा (६-८) गणना गरी समायोजन गर्ने।

७.५ कुनै विद्यालयको आधारभुत तहमा बढी हुन आएका शिक्षकदरबन्दी आवश्यक अनुसार दरबन्दी नपुग भएका विद्यालयहरुमा मिलान एवम् समायोजन गर्ने ।

**८. दरबन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्वन्धी व्यवस्था:**

१. पारस्पारिक सरुवाका लागि विद्याय व्यवस्थापन समितिको सहमतिमा सरुवा गर्न सकिनेछ।

२. एउटै विद्यालयमा दशवर्ष वा सोभन्दा बढी सेवा पूरा गरेका बालविकास, नगर अनुदानमा कार्यरत शिक्षक, राहत, अस्थायी र स्थायी सबै शिक्षकहरुलाई क्रमश:दरबन्दी मिलान तथा पदस्थापन गरिनेछ तर अवकाश हुन दुई वर्ष बाँकी शिक्षकको हकमा यो नियम लागू हुने छैन।

दफा ७ को २ मा जुनसुकै लेखिएको भएता पनि हाललाई बालबिकासका शिक्षकहरु र आधारभूत तह (१-८) मा एकै विद्यालयमा १० वर्ष कार्यरत सबै शिक्षकलाई दरबन्दी मिलानमा अनिवार्य सरुवा तथा पदस्थापना गरिने छ तर माध्यमिक तह (९-१२) शिक्षकहरुलाई संघीय सरकारले विषयगतरुपमा शिक्षक व्यबस्थापन गरे पछि मात्र लागु हुनेछ ।

नगर प्रमुख

नगर प्रमुख

३ .दरबन्दी मिलानका लागि विद्यालय छनौट गर्न कम्तिमा सात दिने सूचना गरिनेछ र दुई वर्ष अवकाश हुन बाँकि शिक्षक बाहेक सबै शिक्षकहरुले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ। निवेदन पेश नगर्ने शिक्षकलाई नगरशिक्षा समितिको सिफारिसमा नगरपालिकाले आवश्यक स्थानमा खटाउनेछ।

४.आधारभूत तह कक्षा १-५ मा विद्यार्थी संख्याको आधारमा पाँच वटा दबन्दी भएमा कम्तीमा दुई जना महिला शिक्षक हुने गरि पदस्थापना गर्ने

५.विद्यालयको विषयगत मिलानलाई समेत मध्यनजर गर्दै सम्बन्धित तहमा योग्यता पुगेका र मिल्ने विषय भएका शिक्षकलाई मा वि तहमा मिलान गर्ने

६.एकै विद्यालयमा विद्यालय छनोट फारम भरेमा पदस्थापना गर्दा जेष्ठ शिक्षकलाई प्राथमिक्ततामा राखी पदस्थापना गर्ने र अन्य शिक्षकको हकमा रोजेको क्रम बमोजिम पदस्थापना गर्ने

७. विद्यालयमा सन्तोषजनक कार्यसम्पादन गर्न नसकेमा र विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएमा शिक्षक तथा प्रधानाध्यापकको छानविन गरी दरबन्दी मिलान तथा पदस्थापना गरिने छ। साथै शिक्षकका हकमा प्रधानाध्यापकलाई असहयोग गरेको पटक-पटक गुनासो आएमा जुनसुकै बेला सरुवा गर्न यस कार्यविधिले बाधा पुर्याउने छैन्।

८. यसकार्य विधि बमोजिम भएको दरबन्दी मिलान अर्को व्यवस्था नभएसम्मको लागि लागू हुनेछ।

**९. विद्यालय समायोजन,तह र कक्षा व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

९.१ यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेका विगतदेखि विद्यार्थी संख्या अति न्यून रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई एक आपसमा समायोजन गरी विद्यालयको व्यवस्थापकिय र शैक्षिक सुधारको कार्य गरी गुणस्तरीय शिक्षा पाउनु पर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारहरुमा सामुदायिक तथा संस्थागत विद्यालय गाभ्ने, तह वा कक्षा घटाउने सम्बन्धमा निर्णय लिइनेछ ।



नगर प्रमुख

नगर प्रमुख

क) दुई वा सोभन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको भएमा ।

ख) दुई वा सोभन्दा बढी विद्यालयबीचको पैदल दूरी ३० मिनेटभन्दा कम भएमा।

ग) कुनै विद्यालयमा देहायका विद्यार्थी संख्या कायम नरहेमा र भविष्यमा पनि उक्त विद्यार्थी संख्या पुग्ने पर्याप्त आधार नदेखिएमा

| क्र.सं. | कक्षा | न्युनतम विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|
| १ | बालविकास केन्द्र | १० | |
| २ | १-३ | ३० | |
| ३ | १-५ | ५० | |
| ४ | ६-८ | ४५ | |
| ५ | ९-१० | ४० | |
| ६ | ११-१२ | ४० | |

तर नजिकको दूरीमा अन्य विद्यालय नभएको तथा अलग्गै बस्ती भएको भौगोलिक विकटता भएमा त्यस्तो विद्यालय र दूरी आधा घण्टाभन्दा कम भएको तर न्यूनतम विद्यार्थी संख्या नपुगेमा विद्यालय गाभ्न बाध्य पारिने छैन ।

**स्पष्टीकरणः** माथि दफा ८.१ को घ मा जुनसुकै कुरा लेखिएको भयता पनि गाभिने वा बन्द गरिने विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास कक्षा कायम नै गरिनेछ ।

(घ)नजिकको दूरीमा रहेका र आपसमा गाभिएर उच्च तहको विद्यालयको हैसियत प्राप्त गर्न चाहने दुई वा सोभन्दा बढी विद्यालय ।

(ङ) समायोजन हुने विद्यालयको जनशक्तिलाई विद्यार्थी संख्याको आधारमा समायोजन गर्ने विद्यालयमा पदस्थापना गरिने छ तर उक्त विद्यालयमा विद्यार्थी संख्या अपुग भएमा अन्य विद्यालयमा मिलान गरिनेछ ।

(च) दुई वा दुई भन्दा बढी विद्यालय गाभी नयाँ विद्यालय स्थापना गर्न, ठाउँ परिवर्तन गर्न वा तह तथा कक्षा घटाउनका लागि सम्बन्धित विद्यालय र वडाको रायमा नगर शिक्षा समितिले तोकिएको स्थानमा विद्यालय स्थापना वा कक्षा तथा तह घटाउने कार्य गर्नेछ ।

नगर प्रमुख

(छ) गाभिने विद्यालयहरुको सबै चल अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(छ) नगरपालिकाभित्र सञ्चालित दुई वा दुई भन्दा बढी संस्थागत विद्यालयहरुले विद्यालय गाभ्नका लागि विद्यालय व्यवस्थापन समितिको सिफारिश सहित माग भै आएमा नगर शिक्षा समितिले त्यस्ता विद्यालयहरुलाई गाभ्न सक्नेछ ।

(ज) उपदफा (छ) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुले प्रचलित कानुन अनुसार न्युनतम पूर्वाधार पूरा नगरेमा शिक्षा समितिले स्थलगत अनुगमन गरी नियमानुसार न्युनतम पूर्वाधार भएको नपाएमा *शिक्षा शाखाको* राय लिई गाभ्न वा बन्द गर्न सक्नेछ ।

(झ) यो कार्यविधि प्रारम्भ हुनुपूर्व भएका कार्यहरु यसै अनुसार भएको मानिने छ ।

नगर प्रमुख

अनुसूची १

नगर प्रमुख

नियम ८ (३) सँग सम्बन्धित शिक्षकको दरबन्दी मिलानका लागि निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रसाशकिय अधिकृत ज्यू
नगर कार्यपालिकाको कार्यालय
बारबर्दिया नगरपालिका

बारबर्दिया नगरशिक्षा समिति र नगरकार्यपालिकाको मिति......गतेको निर्णयनुसार यस नगरपालिका भित्रका शिक्षकको दरवन्दी मिलान व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन कार्य/ नियम/विधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा सरुवा गरीदिनहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

नाम थर:

<u>स्थायी ठेगाना:</u>
वडा नं:
पालिका
जिल्ला :
सिटरोल नं:
तह श्रेणी:
सुरु नियुक्ति मिति:
हालको पदमा नियुक्ति मिति:

<u>अस्थायी ठेगाना:</u>
वडा नं:
पालिका:
जिल्ला:

नगर प्रमुख

मोबाइल नम्बर:

हाल कार्यरत विद्यालयको नाम ठेगाना:

हाल कार्यरत विद्यालयमा सरुवा पदस्थापना मिति:/

नगर प्रमुख

## दरबन्दी मिलानमा जान चाहेको विद्यालयको नाम प्राथमिकताको आधारमा

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

नगर प्रमुख